# पाल्हीनन्दन गाउँपालिका
## नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश

# पाल्हीनन्दन राजपत्र

खण्ड २ संख्या १ मिति २०८०/०७/१७

**भाग २**

**पाल्हीनन्दन गाउँपालिका**


## गर्भवती तथा सुत्केरी आमाहरूको लागि तयारी पौष्टिक आहार वितरण सम्बन्धीकार्यविधि २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०९/२७

### प्रस्तावनाः

पालिका भित्र रहेका गर्भवती तथा सुत्केरी भएका महिलाहरूको पोषणको अवस्था सुधारका लागि नेपालमा उत्पादित पुर्व तयारी पौष्टिक आहार सहितको पोषण सामाग्री वितरणतथा त्यसको नियमित प्रयोगको सुनिश्चितता गर्ने, पोषणमैत्री व्यवहरामा परिवर्तन ल्याई कुपोषणमुक्त गाउँपालिका बनाउने अभिप्रायले यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम “गर्भवती तथा सुत्केरी आमाहरूको लागि तयारी पौष्टिक आहार वितरण सम्बन्धी कार्यविधि २०७९” रहेको छ ।

ख) यो कार्यविधि पाल्हीनन्दन गाउँपालिका, गाउँकार्यपालिकाबाट स्विकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२) परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा कार्यक्रम कार्यान्वयन कार्यविधिमा,

क) “कुपोषण” भन्नाले पाल्हीनन्दन गाउँपालिका भित्र बसोबास गर्ने गर्भवती महिलाको शारिरीक आवश्यकता अनुसार पौष्टिक तत्वयुक्त वृहत पोषक तत्व र सुक्ष्म पोषक पौष्टिक खानाको अभाव अवस्थालाई सम्झनु पर्दछ ।

ख) “पोषण सामाग्री” भन्नाले पोषणको अवस्था सुधारका लागि दफा ६ मा उल्लेखित तयारी लिटो, जाउलो तथा खिर बनाउने सामग्री सम्झनु पर्छ ।

ग) “लाभग्राही” भन्नाले यस मापदण्डको दफा ४ मा उल्लेख भएका गर्भवती तथा सुत्केरी महिलालाई सम्झनुपर्छ।

**३) कार्यविधिको उद्देश्यः**

कार्यक्रमको उदेश्य देहायबमोजिम रहेका छन ।

क) विद्धमान पोषण तथा मातृ सुरक्षाको अवस्थामा सुधार ल्याउने ।
ख) पोषणमैत्री व्यवहारमा परिवर्तन ल्याइ सभ्य समाजको निर्माण गर्ने ।
ग) जन्मदै कुपोषित बच्चा जन्मने दर न्यून गरि कुपोषणका कारण राष्ट्रले व्यहोर्नु परेको लगानी तथा खर्च कम गर्ने ।

घ) पाल्हीनन्दन गाउँपालिकाभित्र वसोवास गरेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई तत्कालिन रुपमा न्यूनतम पोषणयुक्त सामाग्री उपलब्ध गराउने ।

**४) लाभग्राहीहरूः**

यस पालिका अन्तर्गत पाल्हीनन्दन गाउँपालिका १ देखि ६ नं वडा भित्र बसोबास गर्ने गर्भवती तथा सुत्केरी महिलाहरुले पोषण सामाग्री प्राप्त गर्नेछन् । लाभग्राहीहरुको पहिचान गर्न स्वास्थ्य संस्था वा अस्पतालहरुबाट नियमित गर्भवती जाचँ गरेको ANC कार्डलाई आधार मानिनेछ । छनौटमा दुविधा भएमा तथा एकिन गर्न समस्या भएमा सम्बन्धित वडाको महिला सदस्य वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको लिखित सिफारिसलाई छनौटको अन्तिम आधार मानी लाभग्राही हो वा होइन भनि एकिन गरिने छ ।

## परिच्छेद–२

## सेवा प्रवाह, लगत र खरिद

**५) सेवा प्रवाह, लगत र खरिदः**

क) गर्भवती तथा सुत्केरी महिलाहरुलाई लक्षित गरी वितरण गरिने पोषण सामाग्री स्थानीय तह, सो अन्तर्गतका वडा कार्यालय वा स्वास्थ्य संस्थाबाट वितरण हुनेछ ।

ख) प्रत्येक स्वास्थ्य संस्थाहरुले आफनो वडामा रहेका दफा (४) अनुसारको लाभग्राहीहरुको लगत तयार गर्नुपर्नेछ।

ग) दफा ५ (ख) अनुसारका तोकिएका लाभग्राहीहरुलाई पायक पर्ने स्थानमा पोषण सामाग्री वितरण गर्नुपर्नेछ ।

घ) पाल्हीनन्दन गाउँपालिका लगाएत अन्तर्गतका निकायले पोषण सामाग्री खरिद गर्दा प्रचलिच कानून बमोजिम खरिद गर्नुपर्नेछ ।

ङ) गर्भवती तथा सुत्केरी आमाहरूको लागी पाल्हीनन्दन गाउँपालिका लगाएत सो अन्तर्गतका निकायहरूले यसै कार्यविधि बमोजिम कार्यक्रम गर्नुपर्ने छ ।

**६) पोषण सामाग्री तथा तथा वितरण अवधीः**

गर्भवती तथा सुत्केरी महिलालाई ६ महिना अवधिको लागि नेपालमा उत्पादित पुर्व तयारी पौष्टिक आहार जस्तै लिटो, जाउलो तथा खिर बनाउने सामग्रीसहितको पोषण सामाग्री  वितरण गरिनेछ ।

## परिच्छेद–३

## अभिलेख, प्रतिवेदनतथा कारवाही

**७) अभिलेख र प्रतिवेदनः**

स्थानीय तहले पोषण झोला वितरणको अभिलेख र प्रतिवेदन पाक्षिक रुपमा गर्नुपर्नेछ । यसरी सञ्चालित कार्यक्रमको एकिकृत अभिलेख गाउँपालिकाको स्वास्थ्य शाखामा अध्यावधिक गरि राखिने छ ।

**८) सार्वजनिक गर्नुपर्नेः**

स्थानीय तहले वितरण गरेको पोषण सामाग्री प्राप्त गर्नेको विवरण लक्षित वर्गलाई वितरण गरि सकेपछि पाल्हीनन्दन गाउँपालिकाको वयेव साईटमा वार्षिक रूपमा सार्वजनिक गर्नुपर्नेछ ।

**९) प्रचलित कानुन बमोजिम हुनेः**

यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै बमोजिम हुने र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१०) कारबाही सम्बन्धी व्यवस्थाः**

१) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएका महिलाहरुले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

२) यस कार्यविधीको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने व्यक्तीलाई समेत प्रचलित कानुन बमोजिम कारबाही गरी त्यस्तो सिफारिस गर्ने व्यक्तिबाट निजले सिफारिस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीय तहले असुल गर्नुपर्नेछ ।

**११) संसोधन सम्बन्धी व्यवस्थाः**

यस कार्यविधि संसोधित गर्नुपरेमा शाखाको टिप्पणी सिफारिसमा कार्यालयले गर्नेछ ।

अनुसुची १

दफा ४ को उप दफा ४.६ संग सम्बन्धीत

श्री पाल्हीनन्दन गाउँपालिकाको कार्यालय
कुश्मा नवलपरासी ब.सु.प.।

चालु आ.ब.२०७९/०८० को ........................ महिनाको ............गते .............. स्वास्थ्य संस्थाबाट गर्भको नियमित परिक्षण अन्तर्गत चौथो/छैठौ/आठौ/नवौ महिनामा गर्भवती परिक्षण गराई गाउँपालिकाबाट उपलब्ध हुने पोषण कार्यक्रम अन्तर्गतको पोषिलो झोला बुझिलिई यो भरपाई गरिदिए ।

| पोषण झोला बुझिलिन | स्वास्थ्य संस्था | स्वास्थ्यसंस्था प्रमुख |
|---|---|---|
| दस्तखतः | | दस्तखतः |
| नाम थरः | | नाम थरः |
| ठेगानाः | | ठेगानाः |

अनुसुची २

दफा ५ संग सम्बन्धीत

चालु आ.ब.२०७९/०८० को ................महिना......................... स्वास्थ्य संस्थाबाट तपशिलको विवरण अनुसारको गर्भवती महिलालाई वितरित पोषिलो झोला विवरण

| क.स. | सेवाग्राहीको नाम थर | ठेगाना | जाँच गरिएको महिना | पोपिलो झोला | मोबाइल नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

जम्मा वितरण झोला =

यस महिनामा स्वास्थ्य संस्थाले पाउने पोषिलो झोला =

पेश गर्नेः
दस्तखतः
नाम थरः
पदः

प्रमाणित गर्ने
स्वास्थ्य संस्था प्रमुख
दस्तखतः
नाम थरः
पदः

**आज्ञाले**

**बुद्ध प्रकाश पौडेल**

**प्रमुख प्रशासकिय अधिकृत**